नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक २५८ २०७८ साल असार १९ गते शनिबार (3 July 2021 Saturday) मूल्य रु. ५/-

***Log on : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : महामारी हटेको होइन, ... ३ पृष्ठमा : बाढी, पहिरा र डुबानमा परी ... ३ पृष्ठमा :विश्वका एक चौथाई ...

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- सम्पत्तिको आपराधिक उपयोग गर्ने (अर्काको सम्पत्ति बेइमानीको नियतले उपयोग, हानि नोक्सानी वा हिनामिना गर्ने) लाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आपराधिक विश्वासघात गर्ने (आफ्नो जिम्मा वा संरक्षणमा रहेको सम्पत्ति करार वा सम्झौता विपरीत अर्कालाई उपयोग गर्न दिने वा हक टुटाई अरुलाई दिने) लाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने,
- अपराधिक लाभ (एक्टर्सन) लिने (अरुलाई धम्क्याई निजबाट लाभ लिने) लाई सात बर्षसम्म कैद र सत्तरी हजार रुपौयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# स्वास्थ्य सामग्री हस्तान्तरण



**दैनिक समाचारदाता**
**राजविराज, १८ असार ।**

कोभिड १९ बाट जोगिनका लागि दलित सरोकार मञ्च नेपाल कञ्चनरुप सप्तरीको समन्वयमा तथा चुजी च्यारिटी फाउण्डेशन ताइवानको सहयोगमा शुक्रबार स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको छ ।

सो संस्थाले जिल्लाको कंचनरुप नगरपालिकालाई १० लिटरको अक्सीजन कन्सट्रेटर २ थान, पिपिई सेट एक हजार, एन ९५ माक्स ५ हजार, मेडिकल माक्स १० हजार, ग्लोब्स १० हजार, ५ लिटरको सेनिटाईजर ४० जार, प्लस अक्सिमिटर एक सय थानलगायतका समाग्रीहरु उपलब्ध गराएको दलित सरोकार मञ्चका कार्यकारी निर्देशक भोला पासवानले जानकारी दिएका छन् ।

असार महिना भित्र नगरपालिकामा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा एक थान भेन्टिलेटर, एक थान भिडियो एक्सरे र एक थान डिजिटल एक्सरे हस्तान्रण गर्ने समेत उनले बताए ।

स्वास्थ्य सामग्री हस्तान्तरण कार्यक्रममा कञ्चनरुप नगरपालिका प्रमुख बसन्त कुमार मिश्रले अहिलेसम्मकै सबभन्दा ठूलो स्वास्थ्य सामग्री सहयोग गरेकोमा सहयोगी संस्था र समन्वय गर्ने मञ्चलाई विशेष धन्यवाद दिएका थिए ।

कार्यक्रममा नगरपालिकाका उपप्रमुख निरु पोखरेल, प्रमुख प्रशासकीय अधिकृत नवराज खडका, प्रशासन फाटका संयोजक राजेश यादव, स्वाथ्य शाखाका संयोजक रामसेवक यादब, सह-संयोजक डम्बर प्रसाद गुप्ता, दलित सरोकार मञ्चका कार्यक्रम संयोजक सुनिल सरवरिया, जिल्ला संयोजक राजकुमार पासवान, लेखाअधिकृत अमित गुप्ता, बालकुमारी चौधरी, कार्यक्रम सहायक अनिताकुमारी खंग, पत्रकार राजकुमार साह, डम्बर राई, उत्तम अचार्य लगायतको उपस्थिति रहेको थियो ।

यसअघि बिहिबार सिरहाको कर्जन्हा नगरपालिकालाई करिब ८० लाख बराबरको स्वास्थ्यसंग सम्बन्धीत विभिन्न समाग्रीहरु

*बाँकी तीन पृष्ठमा*

# जिल्ला विपद व्यवस्थापन समिति सप्तरीको अनुरोध

यस वर्षको मनसुन सुरु भइसकेको हुँदा सप्तरी जिल्लामा विगतका वर्षहरुमा ठूलो जनधनको क्षति हुँदै आएको हुँदा सप्तकोशी नदी, त्रियुगा नदी, खाडो खोला, महुली खोला लगायत यस जिल्लामा रहेका अन्य खोला नालाको जोखिममा रहेको गाउँ बस्तीहरुले सतर्कता अपनाउनु पर्ने हुन्छ । त्यसैले भारी वर्षा भएको समयमा तथा माथिल्लो भेगमा वर्षा भई नदीको वहाव खतरामा पुगेको सूचना पाउना साथ महत्वपूर्ण सामग्रीसहित उच्च स्थानमा गई सुरक्षित रहन तथा आफ्नो वरिपरिका समुदायहरुलाई समेत सजकता अपनाउन अनुरोध गर्दछौं । बाढी पूर्व तयारी तथा प्रतिकार्यका लागि स्थानिय विपद व्यवस्थापन समिति, रेडक्रस, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नागरिक समाज, राजनैतिक दल लगायतका निकायहरुको नियमित सम्पर्कमा रही विपदले पुऱ्याउने क्षति न्यूनिकरणका लागि सदैव सहयोग गर्न हार्दिक अनुरोध गर्दछौं ।

साथै बाढी आएको समयमा नदी नाला तथा तटबन्धहरुमा माछा मार्ने, पौडी खेल्ने, काठ दाउरा संकलन गर्ने जस्ता कार्यहरु नगर्न र बाढीको पूर्व सूचना तथा विपद सम्बन्धी अन्य सूचना थाहा पाउन जिल्ला आपत्तकालिन कार्य संचालन केन्द्र म्भइत्र्ाः सप्तरीको टेलिफोन नं. ०३१-५३३७६२ मा सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- फरार अभियुक्तले सार्वजनिक संस्थाबाट पाउने सेवा सुविधा लिन नपाउने र निजको अधिकार कटौती हुने,
- आफ्नो नाममा जारी भएको म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई अदालतमा प्रतिनिधित्व गर्न नदिने,
- सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,
- नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिबाना तथा पक्राउ गर्न सकिने,
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**२०७५ साल भदौ १ गते लागू भएको देवानी तथा फौजदारी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- अपराध अनुसन्धान तथा अदालती काम कारवाहीमा कुनै व्यक्ति वा साक्षीलाई बुझ्न श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) को प्रयोग गर्न सकिने,
- समाचार पत्र वा विद्युतीय माध्यमबाट म्याद तामेल गर्न सकिने,
- अठार वर्ष उमेर नपुगेको बालबालिकालाई नाबालिग मानिने,
- झुट्टा उजुरी दिएमा सजाय हुने तथा क्षतिपूर्ति तिर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- अनुसन्धान वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाने मनसायले बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- झुठ्ठा प्रमाण बनाउनेलाई पाँचवर्षसम्म कैद र पचार हजार रुपैयाँसम्म जरिबाना हुने,
- कसूरदारलाई आश्रय दिनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कुनै अभियोगमा कसूरदार ठहर भए पछी मात्र सजाय निर्धारण हुने,
- बालवालिकालाई सजाय निर्धारण गर्दा बालबालिकाको सर्वोत्तम हित समेतलाई विचार गर्नु पर्ने,
- जरिबाना लागेको व्यक्तिले किस्ताबन्दीमा जरिबाना तिर्न सकिने,
- पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक, भावनात्मक क्षतिवापत क्षतिपूर्ति भराई दिनु पर्ने,
- कैदको विकल्पको रुपमा सामुदायिक सेवा, सुधार गृह, पुनर्स्थापना केन्द्र, खुला कारागार, प्यारोल, कैद वापत श्रम सामाजिकीकरण लगायतका उपाय अवलम्बन गर्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- निर्माणको काम गर्दा निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरेमा वा मालको परिमाण घटीबढी पार्नेलाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुने,
- आपूर्तिको काम गर्दा कमसल वा घटी परिमाणमा माल, वस्तु वा सेवा आपूर्ति गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सम्पादकीय

# विपद्‌बाट हुने क्षति न्युनिकरणप्रति गम्भिर बन्नु आवश्यक

वर्षाको महिनामा बाढी आउने प्रवल सम्भावना हुने गरेको छ। सप्तरी जस्तो जिल्लामा वर्षौंभरि कुनै न कुनै विपद्‌ले सताइरहेको हुन्छ। हावाहुरीको महिनामा आगलागिका घटना, चिसोको मौसममा बालबालिका तथा बृद्धबृद्धाहरुको अत्याधिक चिसोका कारण मृत्यु हुने घटना तथा वर्षाको मौसममा बाढी जस्तो विपद आउने यही जिल्ला हो। यी विपद्‌हरु कुनै नयाँ नभएर विगतका वर्षहरुदेखी निरन्तर आइरहेको छ। यस्ता विपद् बारे सरोकारवाला निकाय जानकार हुँदा हुँदै पनि त्यसको न्युनिकरण बारे अझै सचेत हुन सकेका छैनन्।

जिल्लाको भौगोलिक अवस्था पनि मौसम अनुकुल नै छ। हावाहुरी हुने मौसममा आगलागिका घटना हुन्छ। जिल्लाका ग्रामिण भेगमा फुसका घरहरु छन्। जसकारण आगो सल्किन समय लाग्दैन्। त्यस्तै यस जिल्लामा गरिब मानिसहरु पनि त्यतिकै छन्। घर नामको मात्र छ। कसैको घर छ त त्यसमाथी छानो हुँदैन्। छानो छ भने पर्खालको अवस्था मात्र पर्दाको हुन्छ। गरिबी जिवनका कारण उनीहरुलाई दुई छाक टार्न मुश्किल हुने गरेको अवस्थामा आवासको जोहो कसरी गर्न सक्छन्! चिसो मौसममा उनीहरुलाई न्यानो कपडाको अभाव खटिएको हुन्छ। त्यस्तै जिल्लामा वर्षाको बेला विभिन्न नदी खोलामा आउने बाढीका कारण निकै धनजनको क्षति हुने गर्दछ।

तसर्थ यस्ता विपद्‌हरु बारे सम्बन्धीत निकायलाई जानकारी हुँदा हुँदै पनि जिल्लामा विपदबाट हुने क्षति न्यूनिकरणप्रति अझै महिनेत गर्नुपर्ने आवश्यकता रहेको छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan) NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# महामारी हटेको होइन, घटेको मात्र हो

काठमाडौँ, १८ असार (रासस)।

भारतमा पछिल्ला केही महिना निकै सङ्क्रामक देखिएको ‘कोभिड-१९’ को दोस्रो लहरको प्रभाव घट्दो देखिएपछि राजधानी नयाँ दिल्लीलगायत धेरै शहर खुला गरिएको छ। त्यहाँका जनस्वास्थ्यविद्‌हरूले भने दोस्रो लहरको सङ्क्रमण दर घट्दैमा सबै क्षेत्र खोलेर भीडभाड बढाउनु घातक हुनसक्ने बताउँछन्। उनीहरू कोभिडको तेस्रो लहरको सम्भावनाले छोपिसकेकातर्फ सरकारको ध्यानाकर्षण गराउँछन्।

कुनै समय भारतमा दैनिक झण्डै चार लाखजना सङ्क्रमित देखिने गरेकामा पछिल्ला केही हप्तायता भने घटेर ५० हजारभन्दा तल पुगेको छ। यसरी घट्दो क्रममा सङ्क्रमित देखिन थालेपछि यहाँको सरकारले प्रतिबन्धहरूलाई केही खुकुलो बनाएको छ। अहिले भने नागरिकहरू सडकमा निस्किन थालेका छन्। उनीहरूले सामाजिक दूरी कायम गर्ने तथा अरू जनस्वास्थ्यका आधारभूत मापदण्डहरू पनि पालना गर्न छोडेका छन्।

भारतीय सञ्चारमाध्यमहरूमा आएअनुसार अहिले नयाँ दिल्लीका रेल स्टेनहरूमा हजारौँ जना जम्मा हुन्छन् भने कतिपय सार्वजनिक यातायातमा ठूलो भीडभाड देखिन्छ। ‘सपिङ मल’ हरूको अवस्था त्यस्तै छ भने खाना बनाउने र लैजाने मात्र सेवा दिने भनिएका रेष्टुरेन्टहरूमा बाहिरबाट ढोका लगाएर भित्र कैयौँ जना बसेर खाने गरेका छन्। सडकमा हिँड्डुल गर्ने मानिसले मास्क नलगाएको देख्दा प्रहरीले सोधपुछ गर्ने गरेपछि घर या कार्यालय परिसरमा मास्क लगाउनेहरू घटेका छन्। जसका कारण भारतमा अर्को खतरा आउने जनस्वास्थ्यविद्‌हरू बताइरहेका छन्।

अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्स (एआइएमएस) का निर्देशक रन्दीप गुलरिया भन्नुहुन्छ, “भारतमा कोभिड-१९ को तेस्रो लहर आगामी छदेखि आठ हप्तासम्ममा आउन सक्छ र यो दोस्रो लहरजत्तिकै र अझ त्योभन्दा पनि बढी घातक हुनसक्छ। अहिले सङ्क्रमितहरूको सङ्ख्या केही घट्दैमा सरकारले शान्तिको सास फेरेर सबै ठीक भयो भनेजस्तो गरी सबैतिर खुला गरिदिएको छ, यसले अवस्था अझै सोचेभन्दा पनि जटिल बनाउन सक्छ।”

गत हप्ता भारतीय सञ्चारमाध्यमसँग उहाँले भन्नुभयो, “हामीले पहिलो र दोस्रो लहरको महामारीबाट कति दुःख पायौँ भन्ने कुरा सबैले बुझ्नुपर्ने हो। हामीले त्यसबाट भएको जनधनको क्षतिबाट पनि धेरै सिक्नुपर्ने हो तर पछिल्ला दिनहरूमा बढ्दो भीडभाड र सरकारले एकपछि अर्को गरी प्रतिबन्धहरू फुकाउँदै गएकाले विगतबाट हामीले पाठ सिक्यौँ जस्तो लाग्दैन। मलाई त अब आउने सम्भावित तेस्रो लहरहरूले हामीलाई अझ बढी क्षति दिनसक्छ भन्ने डर लागिरहेको छ।”

विश्व स्वास्थ्य सङ्गठनका जनस्वास्थ्यविद्‌हरू कोरोना भाइरसका हरेक लहरहरूको आगमन मानिसले गर्ने व्यवहार र उनीहरूले जनस्वास्थ्यका मापदण्डहरूको पालना गर्ने शैली एवं तदारुकतामा भरपर्ने बताउँछन्। मानिसकै क्रियाकलापकहरूले नै कोभिडका नयाँ नयाँ लहरहरूको निर्धारण गर्ने गर्दछ तर यही बिन्दुमा केन्द्रित भएर न नागरिक र न त सरकारहरूले नै सोच्ने गरेका छन्। यसैले यो भाइरसले नयाँ स्वरुपहरूमा आफूलाई विकास गरिरहेको पाइएको उनीहरूको भनाइ छ।

भारतमा दोस्रो लहर आउनसक्नेतर्फ सजग रहन र सोही बमोजिमको तयारी गर्न यसअघि विज्ञहरूले गरेको आग्रहलाई बेवास्ता गरेर विभिन्न राज्यमा निर्वाचन गर्ने, कुम्भ मेलाजस्तो आममानिस जम्मा हुने कार्यक्रमलाई अनुमति दिने, होटेल रेष्टुरेन्ट र शपिङ मलहरूमा मापदण्ड नअपनाएको अनुगमन नगर्ने गरेकाले यो दोस्रो लहरका लागि थप बल पुगेको विज्ञहरूको दाबी छ। त्यसैले अब आउनसक्ने सम्भावित तेस्रो लहर रोक्न विगतबाट पाठ सिकेर नीतिनियम बनाउन र व्यवहार गर्न उनीहरूको आग्रह छ।

भारतको यही अवस्थासँग नेपालको परिस्थिति पनि ठ्याक्कै मिल्न जान्छ। नेपालमा कोरोना भाइरसका दुवै लहर त्यतैबाट भित्रिएकाले यो अनुभव भारतसँग मेल खान्छ। यतिखेर नेपालले पनि यसै हप्तादेखि प्रायः सबै क्षेत्र खुला गरेको छ र कतिपय खुल्दै पनि छन्। दोस्रो लहरको असर देखिएको करीब दुई महिनाको निषेधाज्ञापछि यही असार १५ गतेदेखि खुकुलो भएसँगै सरकारले त शान्तिको सास फेर्न खोजेको देखिन्छ, तर तेस्रो लहरको खतराको घन्टी भने नजीकै आइपुगेको विज्ञहरूको अनुमान छ। उनीहरू सम्भवतः अक्टोबर नोभेम्बरमा नेपालमा पनि तेस्रो लहर भित्रिन सक्ने आङ्कलन गर्छन् तर पछिल्लो खुलापनले भने त्योभन्दा पनि अगावै हामीलाई प्रभावित गर्नसक्ने बताइन्छ।

कोरोना भाइरसको पछिल्लो स्वरुप या प्रजातिका रूपमा देखिएको ‘डेल्टा प्लस’ यहाँ पनि देखिएको पुष्टि भएको छ। यो स्वरुपले नेपालमा धेरै प्रभाव पार्नसक्ने विज्ञहरूको आङ्कलन छ। छिमेकी मुलुक भारतलगायत ११ मुलुकमा यो नयाँस्वरुप देखिएको छ। अघिल्लो हप्तासम्म नै कम्तीमा नौवटा नमूनामा देखिएको यो ‘डेल्टा प्लस भेरिएन्ट’ अहिलेको भन्दा उच्च सङ्क्रामक रहेको स्वास्थ्य मन्त्रालयले बताएको छ। नेपालका जनस्वास्थ्यविद्‌हरू पनि मानिसहरू जिम्मेवार नभएमा ‘डेल्टा प्लस’ नामको यो पछिल्लो स्वरुप अहिलेको भन्दा बढी सङ्क्रामक हुनसक्छ भन्छन्।

यो स्वरुप वास्तवमा कोभिडको तेस्रो लहरको फैलावटका लागि कारक हुनसक्ने उनीहरूको भनाइ छ। यो ‘भेरियन्ट’ तेस्रो लहर ल्याउनमा जिम्मेवार हुनसक्ने उनीहरूको आङ्कलन छ। यो भाइरसको फैलावट र असर गर्ने दुवै क्षमता अहिलेसम्मका स्वरुपको भन्दा बढी र घातक देखिएको अनुसन्धानहरूले देखाएका छन्।

भारत सरकारले डेल्टा प्लसलाई खतरनाक र थप अनुसन्धान हुनुपर्ने चासोको स्वरुपको श्रेणीमा राखेको भारतीय सञ्चारमाध्यम बताउँछन्। त्यसैले यो नयाँ स्वरुप तेस्रो लहरको जिम्मेवार हुनसक्नेतर्फ उनीहरूले अनुसन्धान थालेका छन् तर हामीकहाँ भने यो स्वरुप नै तेस्रो लहरको कारक हुन सक्छ या सक्दैन भन्ने कुरा अहिल्यै भन्न नसकिने स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारी बताउनुहुन्छ। उहाँले तेस्रो लहरका लागि भाइरसमात्रलाई दोषी दिनुभन्दा पनि निषेधाज्ञा खुकुलो भएपछि हामीले गर्ने व्यवहार र जनस्वास्थ्यका मापदण्डहरू अपनाउने शैलीमा पनि भर पर्ने बताउनुहुन्छ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका पूर्वनिर्देशक डा जिडी ठाकुर स्वास्थ्य सुरक्षा अपनाउन हामीले जति बढी बेवास्ता गर्छौं त्यति नै यसको प्रभाव फैलिने बताउनुहुन्छ। एक त हामीकहाँ अहिलेसम्म खोपको सुनिश्चितता हुन सकेको छैन त्यसैमा पनि यो डेल्टा प्लस भेरियन्ट देखिइसकेकाले यसैले तेस्रो लहरका लागि उत्प्रेरकको काम पनि गर्नसक्ने भएकाले सबै सजग हुनुपर्ने सुझाव उहाँ दिनुहुन्छ।

नेपालमा पछिल्लो २४ घण्टामा थप दुई हजार ७६० जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार परीक्षणमा पछिल्लो २४ घण्टामा चार हजार १७ जना सङ्क्रमित निको भएका छन् भने बुधबार कोरोनाबाट ३३ जनाको मृत्यु भएको छ।

सो मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा सात हजार १३० जनाको पिसिआर र तीन हजार ८५५ जनाको एन्टिजेन विधिबाट गरिएको परीक्षणमा यी सङ्क्रमितको पहिचान भएको हो। यसरी हेर्दा नेपालमा अहिले पनि सङ्क्रमणको दर झण्डै २४ प्रतिशत छ। पछिल्ला केही दिनको तुलनात्मक अध्ययन गर्दा यो भाइरसको सङ्क्रमण २० प्रतिशतबाट तल कुनै दिन पनि झरेको छैन। बरु यो दर दिन प्रतिदिन बढ्दै गएको देखिएको छ।

नेपाल सरकारले यही असार १५ गतेदेखि विभिन्न क्षेत्र खुला गरेको छ। सार्वजनिक यातायातका साधनहरू खुलेका छन्। जोरबिजोर गरी सञ्चालनमा ल्याइएको भए पनि यात्रुको ठूलो भीडभाड यी यातायातमा देखिन थालेको छ। होटेल, रेष्टुरेन्टहरू खाना बनाउनका लागिमात्र खोलिएको भने पनि त्यहाँ पनि जमघट हुने सङ्केतहरू देखिँदैछन्। पसलहरू बारअनुसार सञ्चालन गर्न दिइएको छ तर त्यहाँ पनि मानिसहरूको भीड नै लाग्न थालेको छ। जनस्वास्थ्यका मापदण्डहरू अपनाउने काममा नागरिक सजग देखिँदैनन्। त्यसैले यहाँका जनस्वस्थ्यविद्‌हरू पनि तेस्रो लहरको खतरातर्फ सबैलाई सचेत बनाएका छन्।

भारतमा जस्तै नेपालमा सङ्क्रमितहरूको सङ्ख्या केही घटेका समाचारहरू आउँदैमा युद्ध नै जितेजस्तो गरेर सरकारले निषेधाज्ञा हटाउने र नागरिकहरू पनि हजारौँको सङ्ख्यामा सडकमा निस्किने गर्नु राम्रो होइन भन्छन्, नेपालका जनस्वास्थ्यविद्‌हरू। उनीहरू अहिले पनि महामारी केही घटेको मात्र हो, हटेको होइन भन्दै पहिलेको भन्दा अझ बढी स्वास्थ्य सतर्कता अपनाउन र मानिसबीचको भौतिक दूरी कायम गर्न आग्रह गर्दछन्।

जनस्वास्थ्यविद् डा रवीन्द्र पाण्डे निषेधाज्ञा खुल्दै गर्दा आफ्नो पेशा र व्यवसाय कसरी सुरक्षित बनाउने, आफू र आफ्ना कर्मचारीलाई कसरी सङ्क्रमणबाट बचाउने, कार्यालय वा ‘फिल्ड’ मा काम गर्ने मनोबल कसरी कायम गर्ने तथा हरेक पेशाका भिन्नताअनुरुप कसरी सुरक्षित रहेर काम गर्ने भन्ने विषयमा जनस्वास्थ्य विशेषज्ञहरूको परामर्श लिँदा प्रभावकारी हुने सुझाव दिनुहुन्छ।

पेशाबाट आफू र आफ्नो परिवार सुरक्षित गर्ने उपायले महामारीको प्रकोपबाट बच्न सकिने उहाँको धारणा छ। खोप र जनस्वास्थ्यका मापदण्डहरूको पालना नै यो महामारीबाट बच्ने उपाय हो भन्ने बारेमा लगभग सबै नेपाली जानकार रहेकाले आफू नै सजग र सतर्क हुनसके मात्र सुरक्षित रहन सकिन्छ भन्ने विषयमा सबैले सोच्नु जरुरी रहेको उहाँको भनाइ छ।

भारत तथा अन्य देशहरूमा महामारीको तेस्रो या अन्य लहरहरू आउनसक्ने भनिएको भए पनि त्यसलाई नियन्त्रण गर्न खोप पर्याप्त हुनसक्ने बताइरहेका छन्। हामी कहाँ भने खोपको उपलब्धता नगण्य छ। कैयौँ देशमा कोरोना विरुद्धको खोप लगाउने कामलाई प्राथमिकतामा राखेर अभियान नै सञ्चालन गरिरहेका छन् तर नेपालमा यस्तो अवस्था छैन।

जनस्वास्थ्य विज्ञहरू भाइरसको प्रकोपलाई रोक्न तथा सङ्क्रमण भइहाले पनि असर कम गर्न खोपले प्रभावकारी रूपमा काम गर्ने बताउँछन् तर हामीले खोप अभियानलाई सर्वसुलभ बनाउन सकेका छैनौँ। सरकार खोप ल्याउन प्रयत्नशील देखिन्छ तर आवश्यक मात्रामा खोप भित्रिइसकेको छैन। त्यसैले पनि अहिलेका लागि महामारीबाट बच्ने सबैभन्दा प्रभावकारी उपाय भनेको जनस्वास्थ्यका मापदण्ड अपानउनु नै हो। महामारी हटेको होइन, घटेको मात्र हो भनेर आफैँले मनन गर्नु नै उत्तम उपाय हो।

# बाढी, पहिरा र डुबानमा परी ३४ को मृत्यु

काठमाडौं, १८ असार (रासस)।
अविरल वर्षाका कारण देशका विभिन्न स्थानमा आएको बाढी, पहिरो र डुबानमा परी गत जेठ ३० यता ३४ जनाको मृत्यु भएको छ। अन्य २४ बेपत्ता रहेका र ४४ जना घाइते भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

मृत्यु हुनेमा १९ पुरुष, नौ महिला र छ बालबालिका रहेका छन्। ती मध्ये सिन्धुपाल्चोकमा पाँच, डोटीमा चार, रोल्पामा तीन, चितवन, तनहुँ, प्युठान र रौतहटमा दुई/दुई तथा ललितपुर, सप्तरी, काभ्रे, सिन्धुली, गोरखा, जुम्ला, अर्घाखाँची, दाङ, पाल्पा, कास्की, कालिकोट, पाँचथर, बझाङ र बाजुरामा एक/एक जना रहेका प्रहरी प्रवक्ता बसन्तबहादुर कुँवरले जानकारी दिनुभयो।

बाढी, पहिरो र डुबानमा परी २४ पुरुष, ११ महिला, छ बालक र तीन बालिका घाइते भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ। तीमध्ये तनहुँमा १०, सिन्धुपाल्चोक र रोल्पामा पाँच/पाँच, म्याग्दी, सर्लाही, कास्की र डोटीमा तीन/तीन, जुम्ला र गोरखामा दुई/दुई, पाँचथर, रौतहट, स्याङ्जा, चितवन, हुम्ला, अछाम, दार्चुला र सल्यानमा एक/एक जना रहेका छन्। त्यस्तै बाढी र पहिरोमा १५ पुरुष, छ महिला, दुई बालक र एक बालिका बेपत्ता भएका छन्। सिन्धुपाल्चोकमा २०, चितवनमा तीन र बाजुरामा एक जना बेपत्ता भएका हुन् छन्। बेपत्ताको खोजी जारी रहेको जनाइएको छ।

बाढी तथा पहिरोमा परेका एक हजार २५० जनाको विभिन्न ठाउँबाट उद्धार गरिएको छ। उद्धार गरिएकामध्ये मनाङमा ६५६, चितवनमा ४०२, सिन्धुपाल्चोकमा १२३, दोलखामा ३५, लमजुङ र सल्यानबाट आठ/आठ, जाजरकोटमा सात, गोरखा र दाङमा चार/चार र कञ्चनपुरमा तीन जना रहेका छन्।

पहिरो तथा बाढीका कारण बन्द भएका विभिन्न स्थानका सडक सञ्चालनमा आए पनि अझै धेरै सडक अवरुद्ध नै छन्। वर्षाका कारण ललितपुर, मोरङ, नवलपरासी (पूर्व), चितवन र बाजुरालगायतका जिल्लामा बिहीबार र शुक्रबार बिहान पहिरो गई अबरोध भएको सडक पहिरो हटाई सञ्चालन गराउने कार्य जारी छ।

बाढीका कारण ३९७ घर डुबानमा परेका छन्। चार सय ९१ घर, ८४ वटा गोठ, ३८ वटा पुल, तीन विद्यालय र १० सरकारी कार्यालयमा क्षति पुगेको छ। एक हजार ४३ घरका चार हजार ९५५ जना मानिस विस्थापित भएका छन्। आठ सय दुई पशु चौपाय मरेका छन्। बाढी पहिराको जोखिममा रहेका विभिन्न जिल्लाका मानिसलाई सुरक्षित स्थानमा राख्ने, पहिरामा पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने कामसमेत विभिन्न निकाय र स्थानीयवासीको समन्वय र सहयोगमा प्रहरीले गरिरहेको जनाइएको छ।

# प्रदेश २: मन्त्रिपरिषद् विस्तारका विषयमा उच्च अदालतमा परेको निवेदनमाथि बहस जारी

धनुषा, १८ असार (रासस)।
प्रदेश नं २ सरकार समावेशी नभएको जिकिर गर्दै उच्च अदालत जनकपुरधाममा अधिवक्ता राजकुमार महासेठले असार १० गते पेश गरेको रिट निवेदनमाथि बहस बिहीबार पनि जारी रहेको छ । बुधवार निवेदकका तर्फबाट आवेदक महासेठसहित आठ कानून व्यवसायीले बहस गरेकामा बिहीबार विपक्षीका तर्फबाट बहस भएको छ।

रिट निवेदनमा प्रदेश प्रमुख, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मुख्यमन्त्री लालबाबु राउत, भौतिक पूर्वाधार विकासमन्त्री रामसरोज यादव, खानेपानी तथा ऊर्जा विकासमन्त्री ओमप्रकाश शर्मा र महिला, बालबालिका, युवा तथा खेलकूदमन्त्री वीरेन्द्रकुमार सिंहलाई विपक्षी बनाइएको छ।

विपक्षीतर्फबाट कानून व्यवसायीको बहस सकिएको तर निवेदक पक्षको जवाफी बहस समयाभावले बिहीबार शुरु हुन नसकेको कारणले शुक्रबार फेरि निवेदकतर्फबाट जवाफी बहस हुने उच्च अदालतले जनाएको छ।

मुख्यमन्त्री राउतले गत जेठ २६ गते विस्तार गरेको मन्त्रिमण्डल समावेशी समानुपातिक सिद्धान्त विपरीत रहेको जिकिर गर्दै सोको बदरको माग गरी अधिवक्ता महासेठले निवेदन दिनुभएको हो।

प्रदेशसभामा दलित सात, आदिवासी जनजाति ११ र गैरमधेशी समुदायबाट नौ जना रहे पनि सरकारमा उनीहरूको प्रतिनिधित्व नगराइएको जनाउँदै अधिवक्ता निवेदन दायर गरिएको हो।

# भासियो निर्माणाधीन पुल

सर्लाही, १८ असार (रासस)।
लालबन्दी र ईश्वरपुर नगरपालिका जोड्ने फुलजोर खोलामा निर्माणाधीन रहेको पक्की पुल भासिएको छ। लालबन्दी-३ र ईश्वरपुर-८ को सिमानामा रहेको फुलजोर खोलामा निर्माणाधीन अवस्थामा रहेको पक्की पुल सामान्य पानी पर्दै भासिएको हो।

सङ्घीय सरकारको रु १२ करोडको लागतमा आर्थिक वर्ष २०७५/७६ बाट निर्माण शुरु गरिएको पक्की पुल ढलानको काम सकिएको थियो। ढलानको काम सकिएको र फर्मा निकाल्न बाँकी रहेको समयमा आएको सामान्य पानीका कारण पुल भासिएको छ। रु १२ करोडको लागतमा निर्माण शुरु गरिएको पुलको लम्बाइ करीब २०० मिटर रहेको ठेकेदार मनोजकुमार साहले बताउनुभयो। उहाँका अनुसार कूल लम्बाइ २०० मिटर रहेकामध्ये ४० मिटर भासिएको हो। पप्पु एन्ड शिवशङ्कर (जेभी)ले आव २०७५/७६ बाट निर्माण शुरु गरी चालु आवमा निर्माण सम्पन्न गर्ने भन्दै ठेक्का लिएको थियो।

पुल निर्माणको करीब ८० प्रतिशत काम सकिएको र बाँकी काम यही महिनाभित्रमा सकाउने तयारीमा रहेको ठेकेदार कम्पनी करीब ४० मिटर पुल भासिँदा करीब रु दुई करोड घाटा लागेको बताएको छ। सो पुल निर्माणको शुरुको वर्षमा पनि एक पटक बाढीले भत्काएको थियो। वर्षाको मौसम र बालुवामाथि फर्मा राखिएका कारण पुल पनि भासिएको हो।

# प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सात अर्ब ७२ करोडको खर्च सहमति

काठमाडौं, १८ असार (रासस)।
सरकारले प्रतिनिधिसभा निर्वाचनका लागि रु सात अर्ब ७२ करोड ६३ लाख बराबरको बजेट उपलब्ध गराएको छ।

अर्थ मन्त्रालयले प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि निर्वाचन आयोगलाई उक्त बजेट सीमासम्म खर्च गर्ने गरी सहमति प्रदान गरेको जनाएको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०७८ को सञ्चालन र व्यवस्थापनका लागि उक्त रकम निर्वाचन सामग्रीलगायत अन्य सामग्री खरिद तथा निर्वाचन व्यवस्थापनमा खर्च हुनेछ।

आगामी कात्तिक २६ गते शुक्रबार पहिलो चरण र मंसिर ३ गते दोस्रो चरणमा निर्वाचनको घोषणा गरिएको छ। निर्वाचनका लागि आवश्यक पर्ने रकमको कुनै अभाव हुन नदिने गरी अर्थ मन्त्रालयले उक्त सहमति दिएको हो।

# ६ महिनामा ५८ हजार विदेशी पर्यटक भित्रिए

काठमाडौं, १८ असार (रासस)।
कोभिड-१९ महामारीको नराम्ररी असर मुलुकको पर्यटन क्षेत्रमा परेको छ। विदेशी मुद्रा आर्जनको प्रमुख स्रोत विदेशी पर्यटक आवागमनको सङ्ख्या निरासाजनक देखिन्छ। महामारीकैबीच पनि भिनो सङ्ख्यामा भए पनि विदेशी पर्यटक नेपाल आइरहेका छन्।

नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्कअनुसार सन् २०२१ को छ महिनामा ५८ हजार ५८ विदेशी पर्यटक भित्रिएका छन्। वर्षको जुन महिनामा जम्मा एक हजार १४३ पर्यटक हवाई मार्ग भएर नेपाल आएका छन्। सोही महिनामा अघिल्लो सन् २०१९ मा ४४ हजार ३६९ थियो। सन् २०२० को यही महिनामा १०२ जना मात्रै विदेशी नेपाल आएका थिए।

बोर्डका प्रवक्ता मणि लामिछानेका अनुसार यो वर्षको जनवरीमा आठ हजार ८७४, फेब्रुअरीमा नौ हजार १४६, मार्चमा १४ हजार ९७७ र अप्रिलमा सबैभन्दा बढी २२ हजार ४५० विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन्। यस्तै मेमा एक हजार ४६८ र जुनमा एक हजार १४३ पर्यटक नेपाल आएका छन्। जुनमा नेपालबाट तीन हजार ६०६ विदेशी बाहिरिएका छन्।

*स्वास्थ्य सामग्री ...*

उपलब्ध गराइएको जनाइएको छ।

कर्जन्हा नगरपालिकाको नगर प्रमुख गंगा पासमानले स्वास्थ्य सामग्री उपलब्ध गराइदिन आग्रह बमोजिम दलित सरोकार मञ्चका कार्यकारी निर्देशक भोला पासमानको अगुवाईमा ė └ स्वुजी फाउन्डेसन ताइवानको सहयोगमा अक्सीजन कन्सट्रेटर २० थान, एन्टीजेन टेस्ट किट २५ सय, पिपिई सेट ५ सय, एन ८५ माक्स १० हजार, २५ सय ग्लोब्स, ५ लिटरका सेनिटाईजर ५० जार, प्लस अक्सिमिटर ५० थान, थर्मलगन ५० थानलगायत समाग्रीहरु उपलब्ध गराइएको कर्जन्हा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत जगदिश मण्डलले जानकारी दिए।

बाल यौन दुर्व्यवहार जो कसैबाट जहाँ पनि हुन सक्छ । त्यसैले, सावधानी अपनाऔं, बालबालिकाका कुरा सुनौं, बाल यौन दुर्व्यवहार अन्त्य गर्न सक्रिय बनौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## विश्व समाचार

### विश्वका एक चौथाई जनसंख्यालाई अफै पनि सफा पानीको अभाव

जेनेभा, १८ असार (रासस/सिन्ह्वा)।
विश्वका झण्डै एक चौथाई जनसङ्ख्यालाई अफै पनि सफा पानीको अभाव रहेको पाइएको छ।

गत बर्ष सन् २०२० मा गरेको अध्ययनले विश्वासका हरेक चार मध्ये १ जनालाई शुद्ध र सफा खानेपानीको अभाव रहेको देखाएको हो।

विश्व स्वास्थ्य संगठन र संयुक्त राष्ट्संघीय बालकोष (युनिसेफ) ले बिहीबार सार्वजनिक गरेको विवरणमा खानेपानीको अभावको अवस्था नराम्रो देखिएको उल्लेख छ।

सफा पानीको उपभोग गर्न नपाएकाहरुलाई विभिन्न प्रकारका रोगहरुको समस्या हुन सक्ने भएकाले त्यसलाई न्यूनीकरण गर्नुपर्नेमा दुवै निकायका अधिकारीहरुले जोड दिएका छन्।

उनीहरुले कोरोनाभाइरसको महामारीको असर पनि सफा पानी खान नपाउनेहरुलाई बढी पर्ने चन्दै चिन्ता व्यक्त गरेका छन्।

कोरोनाबाट बच्नका लागि सफा पानी र साबुनले हात धुन अनिवार्य रहेकाले पनि सफा पानीको अभावमा कोरोनाभाइरसबाट बच्न गाह्रो हुने अधिकारीहरुले उल्लेख गरेका छन्।

एक तथ्यांक अनुसार विश्वका हरेक १० मध्ये ३ जनाले साबुन पानीले पर्याप्त हात धुन नपाएको देखिएको छ।

"कोरोनाभाइरसबाट जोगिनका लागि हात धुने कार्य अति महत्वपूर्ण कार्य हो, यो नै अति धेरै प्रभावकारी उपाय हो, त्यसैगरी अन्य धेरै रोगहरुबाट जोगिन पनि सफा पानीले हात धुनु पर्दछ, त्यसैले आम मानिसलाई रोगबाट बचाउन सफा पानीको आवश्यकता पर्दछ," विश्व स्वास्थ्य संगठनका महानिर्दे ॥ शक टेड्रोस अदानोम घेब्रेयसले भन्नुभयो।

त्यसैगरी युनिसेफका कार्यकारी निर्देशक हेनरैत्ता फोरले पनि विश्वका लाखौं बालबालिका सफा पानी उपभोग गर्न बन्चीत हुनु दुःखद कुरा भएको बताउनुभयो।

तर पहिलाको भन्दा अहिले सफा पानीको प्रयोग गर्न पाउनेहरुको संख्यामा भने बृद्धि भएको उहाँले जानकारी दिनुभयो। सन् २०१६ देखि सन् २०२० सम्ममा सफा पानीको प्रयोग गर्न पाउने संख्यामा चार प्रतिशतले बृद्धि भएको उल्लेख गर्नुभयो।

उहाँका अनुसार सन् २०१६ मा विश्वका ७० प्रतिशतले मात्रै सफा पानी प्रयोग गर्न पाएको तथ्यांक सार्वजनिक भएको थियो।

### अफगानिस्तानको उत्तरी बाल्खमा १२ तालिबानीको मृत्यु

मजार-ए-शरिफ, १८ असार (रासस-सिन्ह्वा)।
अफगानिस्तानको उत्तरी बाल्ख प्रान्तमा बिहीबार सेनाले गरेको कारबाहीमा १२ जना तालिबानी लडाकू मारिएका छन्।

सेनाले जारी गरेको विज्ञप्तिमा बाल्ख प्रान्तको चार्बोलाक जिल्लामा भेला भएका तालिबानी लडाकूलाई लक्षित गरी सेनाले हवाई आक्रमण गरेको उल्लेख छ।

सेनाको कारबाहीमा तालिबानका स्थानीय एक मुख्य कमान्डर सईद नूर खालिदको पनि मृत्यु भएको सेनाले दाबी गरेको छ। खालिदले बाल्ख प्रान्तमा छायाँ न्यायाधीशका रुपमा पनि काम गर्ने गरेको सेनाको भनाई छ। तालिबान समूहले भने तत्काल कुनै प्रतिक्रिया जनाएको छैन।

### भारतमा ४६ हजार नयाँ सङ्क्रमित, मृतकको सङ्ख्या चार लाखभन्दा बढी

नयाँ दिल्ली, १८ असार (रासस/एएनआई)।
भारतमा कोरोनाभाइरसबाट थप ४६ हजारभन्दा बढी नयाँ सङ्क्रमितहरु थपिएका छन्।

सरकारी अधिकारीहरुले शुक्रबार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा भारतमा ४६ हजार ६१७ जना नयाँ सङ्क्रमित थपिएका हुन्।

पछिल्लो समयमा दैनिक सङ्क्रमितहरुको सङ्ख्या ५० हजारभन्दा कम हुदै गएको पाइएको छ। दैनिक लाखौं नयाँ सङ्क्रमित थपिने गरेको भारतमा केही हप्तादेखि सङ्क्रमितहरुको सङ्ख्यामा कमी आउन थालेको छ।

संघीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले कुल सङ्क्रमित मध्ये ९७.०१ प्रतिशत सङ्क्रमितहरु सङ्क्रमणमुक्त भएको जानकारी दिएको छ।

भारतमा अहिलेपनि सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्या पाँच लाख नौ हजार ९६३ रहेको मन्त्रालयले अधिकारीहरुले जनाएका छन्।

भारतमा अहिलेसम्म कुल सङ्क्रमितहरुको सङ्ख्या तीन करोड चार लाख ५८ हजार २५१ पुगेको मन्त्रालयले जनाएको छ।

त्यसैगरी भारतमा कोरोनाभाइरसका कारण अहिलेसम्म चार लाख ३१२ जनाको मृत्यु भएको पनि मन्त्रालयलका अधिकारीहरुले जानकारी दिएका छन्। ती मध्ये ८५३ जनाको पछिल्लो एक दिनमा मृत्यु भएको हो।

पछिल्लो २४ घण्टामा भारतमा थप ५९ हजार ३८४ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। योसँगै सङ्क्रमणमुक्त भएकाहरुको कुल सङ्ख्या भने दुई लाख ९५ लाख ४८ हजार ३०२ पुगेको छ।

# सप्तरीमा सवारी साधन सूचारु

दैनिक समाचारदाता
राजविराज, १८ असार ।
जिल्ला संकट व्यवस्थापन केन्द्र सप्तरीको बिहीबार सम्पन्न बैठकले शुक्रबारदेखी जिल्ला भरी सार्वजनिक सवारी साधनहरु सञ्चालन गर्ने निर्णय गरेको छ ।

सो बैठकले बस, माइक्रो, भ्यान, अटो लगायत भाडामा संचालन हुने सवारीसाधन र निजि सवारीसाधन स्वास्थ्य सुरक्षाको पूर्व पालना गर्ने गरि सञ्चालन गर्न आग्रह गरेको हो ।

यस्तै खाद्यान्न, किराना, स्टेशनरी तथा निर्माण सामग्री लगायतका पसलहरु, होटेल तथा रेष्टुरेन्टबाट हुने टेक-वे सेवा पनि बिहान ७ बजेदेखि साँझ ८ बजेसम्म खुला रहने निर्णय गरिएको छ ।

यता सैलुन, ब्युटी पार्लर, जिम क्लब, सिनेमा हल तथा मानिसहरुको भिडभाड हुने पसलहरुलाई अझै निषेध गरिएको बैठकको निर्णयमा उल्लेख छ ।

# बैंक तथा वित्तीय संस्थाका श्रमिकले उठाएका माग सम्बोधन गर्न आग्रह

काठमाडौं, १८ असार (रासस) ।
नेपाल ट्रेड युनियन कांग्रेसले बैंक तथा वित्तीय संस्थाका श्रमिकले उठाएका माग सम्बोधन गर्न आग्रह गरेको छ । ट्रेड युनियन कांग्रेसका महासचिव योगेन्द्रबहादुर कुँवरले बिहीबार एक विज्ञप्ति जारी गरी सामाजिक सुरक्षा कोषले सम्पूर्ण प्रतिष्ठानलाई २०७८ असार मसान्तसम्म अनिवार्य रूपमा कोषमा आबद्ध हुन आग्रह गरेको अवस्थामा आफ्ना मागको सम्बोधन नभएको भन्दै बैंक तथा वित्तीय संस्थाका श्रमिकले उठाएका माग सम्बोधन गर्न आग्रह गरेको हो ।

ट्रेड युनियन कांग्रेसले बैंक, बीमा तथा वित्तीय संस्थाका कर्मचारीले उठाएका खाईपाई आएका सुविधा कटौती नहुने एवम् सामूहिक सौदाबाजी अधिकारको सुनिश्चितता, अवकाश रकममा आयकर नलाग्ने व्यवस्था, योगदानका आधारमा उच्चतम प्रतिफलको व्यवस्था, अवकाश तथा निवृत्तिभरण योजनामा देखिएको विभेद हटाउने लगायतका कतिपय विषय र ऐनले नउठाएको बताएको छ ।

महासचिव कुँवरले विज्ञप्तिमार्फत बाँफिएका कानून र सुविधालाई व्यवस्थापन गर्ने विषयमा तत्काल पहल गर्न जरुरी देखिएकाले संरचनागत छलफल अघि बढाएर २०७८ असार मसान्तको समय सीमालाई समस्याको निक्यौंल नहुँदासम्म कोषमा आबद्धताका लागि दैनिक ज्यालादारी एवम् अनौपचारिक क्षेत्रका श्रमिकलाई समय सीमा थप गर्न सम्बन्धित निकायसमक्ष माग गर्नुभएको छ ।

# सतर्कता अपनाउन आग्रह

काठमाडौं, १८ असार (रासस) ।
देशभर हाल मनसुनी वायुको सक्रिय प्रभाव तथा तराई भू-भाग नजिक मनसुनी न्यून चापीय रेखा रहेकाले अधिकांश स्थानमा हल्का देखि मध्यम वर्षा भइरहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाले प्रदेश नं १, प्रदेश नं २, बागमती, लुम्बिनी र गण्डकी प्रदेशका केही स्थानमा मेघ गर्जन/चट्याङग सहित भारी वर्षाको सम्भावना रहेकाले विशेष सतर्कता अपनाउन सबैमा अनुरोध गरेको छ । उक्त प्रदेशको पहाडी भू-भागमा भू-क्षय, पहिरो तथा गेग्रान बहावको जोखिम रहेको साथै नदीनाला तथा खहरे खोलामा पानीको सतह बढ्न सक्ने तथा दैनिक जीवन/यातायात क्षेत्र प्रभावित हुनसक्ने भएकाले आवश्यक सतर्कता अपनाउन भनिएको छ ।

हाल देशभर सामान्यदेखि पूर्ण बदली रहेको छ । प्रदेश नं १, प्रदेश नं २ र गण्डकी प्रदेशका धैरै स्थानमा मध्यमदेखि भारी वर्षा र बाँकी प्रदेशका केही स्थानमा हल्का देखि मध्यम वर्षा भइरहेको महाशाखाको विवरणमा उल्लेख छ । दिउँसो देशभर सामान्यदेखि पूर्ण बदली रही प्रदेश नं १, प्रदेश नं २, बागमती र गण्डकी प्रदेशका थोरै स्थानका साथै लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । रातिको समयमा पनि यही मौसमी प्रणाली कायम रहनेछ । आज काठमाडौं उपत्यकामा बिहानैदेखि निरन्तर वर्षा भइरहेको छ ।

भोलि शनिबार पनि देशभर सामान्यदेखि पूर्ण बदली रही प्रदेश नं १, प्रदेश नं २, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । आज काठमाडौंको अधिकतम २४ दशमलव ४ र न्यूनतम तापक्रम १९ दशमलव ४ डिग्रि सेल्सियस रहेको छ । गत २४ घण्टामा काठमाडौंमा ४० मिलिमिटर वर्षा भएको छ । सबैभन्दा धैरै विराटनगरमा ८९ दशमलव ९, सिमरामा ६२ र भैरहवामा ५७ मिलिमिटर वर्षा भएको छ ।

नानी बाबु रमाई रमाई स्कुलमा जाऔं, पढी सिकी सधैं धरी खुशीले रमाउ
विद्यालय भर्ना अभियान २०७८ सफल पारौं

सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
जनकपुरधाम, प्रदेश २

दुई पाङ्ग्रे सवारी साधनको अगाडी/पछाडी स-साना बालबालिका राखी सवारी साधन चलाउँदा अनिवार्यरुपमा बालबालिकालाई सुरक्षित बेल्टले बाँधी आवश्यकताअनुसार हेल्मेटसमेत लगाईदिने गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## २०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु

- कसैको ज्यान मारेमा जन्मकैदसम्मको सजाय हुने,
- इजाजत प्राप्त नगरेको व्यक्तिले इलाज गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँम्म जरिबाना हुने तर त्यसरी इलाज गर्दा ज्यान मरेमा जन्मकैद र अंगभंग भएमा पन्ध्र वर्षसम्म कैद हुने,
- मञ्जुरी विना मानव शरीरमा कुनै परीक्षण गर्नेलाई तीन बर्षसम्म कैद र तिस हजार रुपैयाँम्म जरिबाना हुने तर त्यसरी परीक्षण गर्दा ज्यान मरेमा, ज्यान मारे सरह र अंगभंग भएमा अंगभंग भए सरह सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## २०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरुः

- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- विवाहमा लेनदेख गर्ने तथा दाईजो नदिएको कारण सताउनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा वृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा बेवास्ता गरी छोड्नेलाई तीनवर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- मन्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहु विवाह स्वतः बदर हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

"सुखी नेपाली सम्वृद्ध नेपालः लैङ्गिक हिंसा मुक्त समाज ।"
"अबको गन्तव्यः लैङ्गिक हिंसा अन्त्य ।"
"तीन तहको सरकारः लैङ्गिक हिंसा अन्त्य सबैको सरोकार ।"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : *rajbirajdainik@gmail.com*, वेवसाइट : *rajbirajdainik.com.np*